आर्थिक वर्ष २०७२/०७३

जिल्ला विकास समिति संखुवा सभा द्वारा संचालन  गरिएको दोस्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको

# प्रतिवेदन

प्रतिवेदक

एल जि ए फ,स्थानिय निकायको कानुनी तथा नीतिगत व्यवस्थापालना अनुगमन कार्यक्रम संचालक संस्था,सामुदायिका विकास मञ्च(कोडेफ)

श्री जि वि स को कार्यालय
संखुवासभा, खाँदबारी
दर्ता नं 3236
मिति 2.13

सार्वजनिक सुनुवाई कार्यक्रम :जिल्ला विकास समिति संखुवासभाको आफ्नो संचालन गरिएको कार्यक्रमहरुको सार्वजनिकीकरण गर्न तथा जनताहरुबाट सुझावहरु प्राप्त गरी आफ्नो देखिएको कमि तथा कमजोरीहरुको सुझावहरु लिई सुधार गर्न आवश्यक सुझावहरु संकलन गर्ने आशयले र स्थानिय निकाय, सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम स्थानिय निकायले प्रत्येक चौमाशिक सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था भए अनुरुप दोस्रो चौमासिकको यो सार्वजनिक सुनुवाई कार्यकम स्थानिय शासन तथा उत्तरदायी संयन्त्र (LGAF)को स्थानिय निकायको कानुनि तथा नितिगत व्यवस्था पालना अनुगमन कार्यकम संचालन गर्ने संस्था सामुदायिक विकास मञ्च कोडेफको सहजिकरणमा यो कार्यकम संचालन गरिएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको स्थान : चैनपुर नगरपालिका

सम्पन्न मिति : २०७२/११/२७ गते

सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण :

स्थानिय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ मा व्यवस्था भए अनुरुप बमोजिम जिल्ला विकास समिति संखुवासभाले २०७२ साल फागुन २७ गतेका दिन दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना चैनपुर नगरपालिकाको दिलकुमारी सभा भवनमा सम्पन्न गरिएको थियो । यस कार्यक्रममा जिल्ला विकास समितिका, स्थानिय विकास अधिकारी श्री कृष्ण प्रसाद सुवेदी को अध्यक्षतामा सम्पन्न भएको थियो भने जिल्ला प्राविधिक कार्यालय प्रमुख श्री रामशरण आचार्य, सशस्त्र प्रहरी नायव उपरिक्षक श्री सुमन थपलिया , इलाका प्रमुख कार्यालय प्रमुख श्री रमण भट्टराई को पनि उपस्थिति रहेको थियो । यस कार्यक्रममा कृयाशिल राजनितिक दलहरु नेपाली काँग्रेस, ने.क.पा. एमाले, ए.माओवादी, रा.प्र.पा. नेपाल, नेकपा माले, नेकपा ड्यास माओवादीका प्रतिनिधिहरु, स्थानिय वुद्धिजिविहरु, महिला संजाल, युवा संजाल, वडा नागरिक मञ्चका प्रतिनिधिहरु, LGCDP का कर्मचारीहरु सहभागी भएको थियो । सो कार्यक्रम सामुदायिक विकास मञ्च (कोडेफ) संस्थाको अध्यक्ष राजिव श्रेष्ठले सहजीकरणमा कार्यकम संचालन गरिएको थियो ।

यस कार्यक्रममा जिल्ला विकास समितिको तर्फवाट महेश गौतमले जिल्लामा संचालित विकास ...का कार्यहरुको विवरणहरु , उपलब्ध सेवा, बस्तु र सुविधा सार्वजनिक गरेको थियो ।

**...जनिक सुनुवाई कार्यक्रममा आएका जन गुनाशाहरु**

१. सार्वजनिक सुनुवाई कार्यक्रममा सवै क्षेत्रको सहभागी गराउनुपर्ने
२. क्षेत्र नं १ र क्षेत्र नं २ मा समान रुपमा वजेट विनियोजन गर्नु पर्ने
३. वजेट विनियोजित गर्दा राजनितिक पहुँचको आधारका नभई आवश्यकताको आधारमा गर्नुपर्ने
४. महिलाको १० प्रतिशत वजेट क्षेत्र नं १ मा भएका संघ संस्था मार्फत संचालन भएको तर
५. योजनाहरुका सम्झौता ढिलो हुने र फरफराक कार्य छिटो गर्नु पर्ने अवस्था भएको
६. योजनाहरुको कन्टेन्जेन्सी जिविस र गाविस गरि २ पटक काटिने गरेको सो लाई हटाउनुपर्ने
७. प्राविधिक समयमा उपलब्ध नभएको
८. जिल्ला विकास समितिको अनुगमन कार्य फितलो तथा नियमित नभएको ।

माथि उल्लेखित जनगुनाशाहरुमा वढि भन्दा वढि दोहोरिएको जनगुनाशाहरुमा क्षेत्र नं १ र क्षेत्र नं २ मा वजेट विनियोजन कार्यमा क्षेत्र नं १ लाई विशेष प्राथमिकता दिएको भन्ने आरोप जिल्ला विकास समितिलाई लगाइएको पाइयो भने योजनाको प्राविधिक मुल्यांकन गर्दा उपभोक्ताहरुले अतिरिक्त रकम तिर्नु पर्ने वाध्यता भएको भनि नेकपा ए. माओवादीका लाखमान तामाङ्ले वताउनुभयो । त्यसैगरि चैनपुर ९ निवासी सीता शर्माले महिला लक्षित १० प्रतिशत वजेट क्षेत्र नं १ ले मात्र प्रयोग गरिएको गुनाशा व्यक्त गर्नु भएको थियो ।

यसरी जिल्ला विकास समितिको कार्यालयबाट प्रवाह हुने सेवा सन्दर्भमा सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका विषयवस्तुहरुमा गम्भीर ध्यानाकर्षण भएको छ र जिल्ला विकास समितिको तर्फवाट स्थानिय विकास अधिकारीज्युले क्षेत्र नं १ र २ मा कुनै किसिमको भेदभाव नगरिएको कुरा प्रष्ट पार्नुभयो साथै त्यस्तो भएको अवस्थामा आगामी दिनहरुमा क्षेत्रिय सन्तुलन मिलाएर वजेट विनियोजन कार्यलाई अगाडी वढाउनका लागी जि.वि.स.कार्यालयले प्रतिवद्धता व्यक्त गरियो ।

त्यस्तैगरि जिविसबाट छनौट हुने आयोजनाहरुमा पनि क्षेत्रिय संतुलन हुने गरि छनौट हुनुपर्ने, लक्षित वर्गको कार्यक्रमहरु पनि सन्तुलित रुपमा छनौट गर्नुपर्ने भन्ने सुझाव प्राप्त भएकोमा आगामी २४ औं जिल्ला परिषदले यी विषयहरुलाई समेट्ने निर्णय गरियो ।

कार्यालयमा आउने जनगुनाशालाई व्यवस्थापन गर्न गुनासो सुनुवाई समितिलाई क्रियाशिल र प्रभावकारी बनाउने साथै अनुगमनका सबै संयन्त्रलाई सक्रिय परिचालन गर्ने निर्णय गरियो ।

योजनाहरुको कार्यान्वयन गर्न प्राविधिक समयमा उपलब्ध नभएको साथै योजना फरफराकको क्रममा अतिरित्त रकम तिर्नु पर्ने वाध्यता भएको भन्ने सुझाव प्राप्त भए अनुसार जिल्ला प्राविधिक कार्यालयका प्र.ई. श्री रामशरण आचार्य ज्युले जिल्लामा प्राविधिकको कमि भएको साथै योजना फरफराकको क्रममा अतिरित्त रकम माग गरेको प्राविधिकको प्रमाण सहित सुचना प्राप्त भएमा तुरुन्त कारवाही गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको सहभागीहरुको विवरण :**

| महिला | पुरुष | दलित | जनजाति | वाहुन/क्षेत्री | जम्मा |
|---|---|---|---|---|---|
| ८ | ३४ | १ | १२ | २९ | ४२ |

सार्वजनिक सुनुवाई कार्यक्रमलाई जनमुखी, प्रभावकारी र व्यवस्थीत रुपमा संचालन गर्नको लागी १) वहिर्गमन अभिमत पत्र (Exit poll) र २) नागरिक प्रतिवेदन पत्र(Citizen report card) जसवाट जिल्ला विकास समितिवाट प्रवाह गरिने सेवा सुविधाको वारेमा जनताका मतहरु संकलन गर्ने कार्य गरिएको थियो ।

वहिर्गमन अभिमत पत्र (Exit poll ) र नागरिक प्रतिवेदन पत्र (Citizen report card) को निश्कर्ष :

वहिर्गमन अभिमत पत्र र नागरिक प्रतिवेदन पत्र संकलन गरिएको विवरण :

| महिला | पुरुष | दलित | जनजाति | वाहुन/क्षेत्री | जम्मा |
|---|---|---|---|---|---|